मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२७ औं वर्षमा Purwanchal National Daily

होक्सेमा स्वास्थ्य शिविरः पृष्ठ २

◆ वर्ष : २७ ◆ अङ्क : १३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ मंसीर १३ गते सोमवार (Monday, November 29. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु. : ४/-

कांग्रेस झापामा देउकुमार

देउकुमार थेवे

शेरबहादुर भट्टराई

केशवराज पाण्डे

कृष्ण हुमागाई

नवीन विमली

कालेन्द्र राजवंशी

कमल भण्डारी

झापा, मंसीर १२। कृष्णप्रसाद सिटौला निकट मानिएका देउकुमार थेवे नेपाली कांग्रेस झापाको सभापति पदमा निर्वाचित भएका छन् । थेवेले १ हजार ७ सय ६५ मत प्राप्त गर्दै आफ्ना प्रतिष्पर्धी राम कट्टेललाई पराजित गरे । एक हजार ५ सय १५ मत प्राप्त गर्ने कट्टेल विश्व प्रकाश शर्मा निकट मानिन्छन् ।

सिटौला निकट थेवे र शर्मा निकट कट्टेल छुट्टै/छुट्टै प्यानल बनाएर चुनावी मैदानमा होमिएका थिए । निर्वाचनको पछिल्लो मत परिणाम अनुसार थेवे नेतृत्वको टिमले नै जित हासिल गरेको छ । मत परिणाम अनुसार उपसभापतिमा थेवे प्यानलका केशवराज पाण्डे १ हजार ८ सय ८९ र शेरबहादुर भट्टराई १ हजार ६ सय ७४ पाएर निर्वाचित भए ।

कट्टेल प्यानलबाट उम्मेदवार बनेका प्रेम सम्वाहाम्फे लिम्बूले एक हजार ४ सय १५ र शम्सेर गिरी 'केदार'ले एक हजार २ सय २१ मत प्राप्त गरे । सचिवमा नवीन विमली १ हजार ८ सय ३८ र कृष्ण हुमागाँईले १ हजार ६ सय ७६ मत प्राप्त गर्दै निर्वाचित भए ।

कट्टेल प्यानलबाट सचिव पदको उम्मेदवार बनेका टुमलाल राजवंशीले एक हजार ३ सय १५ र विश्वदीप लिङ्देनले एक हजार ४ सय ३१ मत प्राप्त गरे । सहसचिवमा कमल भण्डारीले १ हजार सात सय ६० र कालेन्द्र राजवंशीले १ हजार ७ सय ६५ मत प्राप्त गरे । उनीहरुका निकटतम् प्रतिष्पर्धी उमाराम प्रसाईले एक हजार ३ सय ३७ मत र पदम लिम्बूले एक हजार ३ सय ४७ मत प्राप्त गरे । सदस्य पदमा समेत थेवे समूहबाट सबै निर्वाचित भएका छन् ।

पाँच जना खस महिला पदका उम्मेदवारमा ८ जनाले प्रतिस्पर्धा गरेका थिए । जसमा सावित्रा देवी लुइँटेल (२३७२), झुमा आचार्य बेडारी (२३४९), जानुका आचार्य (१९८०), देवी निरौला बस्नेत (१८८२), गीता ओडारी खरेल (१७३७) मत प्राप्त गर्दै विजयी भए । कुमार खड्का आचार्यले (१५८२), गीता प्रसाईले (१३३६) र शान्ता अधिकारीले (१४३०) मत प्राप्त गरे । खस आर्य खुल्ला पदका उम्मेदवार ५ जना मध्ये ११ जनाको उम्मेदवारी परेको थियो । जसमा रवीन्द्र ढुंगाना (१६८७), भोलानाथ बराल (१५४४), पिताम्बर दाहाल (१५८२), निराजन दाहाल (१५५५) र डम्बर वन (१६५९) मत प्राप्त गर्दै विजयी भए भने इन्द्रबहादुर कार्की (१४३८), गोपालप्रसाद कुँवर (११२६), चन्द्रकुमार भट्टराई (१३३२), दिपेशकुमार भट्टराई (१२२२), दीपक दाहाल दिनेश (५०३), भीमराज प्रसाईं (११०४)ले मत प्राप्त गरे ।

आदिवासी जनजातितर्फ ५ पदका लागि ८ जनाले उम्मेदवारी दिएका थिए । जसमा तारा राई (२७१२), तिलरुपा श्रेष्ठ (१८२३), दिलकुमारी सुब्बा (१९०८), मधुरा श्रेष्ठ (१६२३) र रीता पालुङ्वा (१५६२) मत प्राप्त गर्दै विजयी बने । पुष्पाकुमारी राजवंशी (१४६१), पूर्णकुमारी जवेगू (१५०८) र रीता तामाङले (१५५४) मत प्राप्त गरे । मधेसी कोटाबाट महेशकुमार झा (१८००) मत प्राप्त गर्दै बिजयी बनेका छन् । उनका प्रतिस्पर्धी विजयीप्रसाद देवले (१२४२) मत प्राप्त गरेका थिए । दलित खुल्लातर्फ नरेश दर्जी महरा (१६८२) मत प्राप्त गर्दै विजयी बने भने वीरबहादुर दर्नाल वीरुले (१३७३) मत प्राप्त गरे ।

त्यस्तै थारु खुल्ला पदमा पुष्पलाल चौधरी (१७३५) मत प्राप्त गर्दै विजयी बनेका छन् भने अनिल चौधरीले (१३०६) मत प्राप्त गरे । मुस्लिम खुल्ला सदस्य पदमा एमडी सर्फराज सेख सोनु (१६०५) मत प्राप्त गर्दै विजयी भए भने महोम्मद अली आलमले (१३७९) मत प्राप्त गरे । अल्पसंख्यक अपाङ्गता भएका खुल्ला पदका सुकदेवप्रसाद ताजपुरियाले (१६१८) मत प्राप्त गर्दै विजयी भए भने कमल पोखरेलले (१४२६) मत प्राप्त गरे । केन्द्रीय महाधिवेशन प्रतिनिधि (अपाङ्गता भएका) धर्मराज घिमिरे (१८१३) मत प्राप्त गर्दै विजयी भए भने विश्वविजय घिमिरेले (११५१) मत प्राप्त गरे ।

पार्टीको विधान बमोजिम नगरपालिकाबाट एक महिलासहित तीन जना र गाउँपालिकामा एक महिलासहित दुई जना जिल्ला सदस्य चयन भएका छन् । जसमा दमक नगरपालिकाबाट महिला पदमा बिमला मिश्र (१६०८) मत प्राप्त गर्दै बिजयी भइन् भने गोमादेवी प्रसाईं बुढाथोकीले (१४७९) मत प्राप्त गरिन् । दमक नगरपालिकाबाट खुल्ला पदका उम्मेदवारमध्ये राजकुमार गौतम (१७७२), राजु तामाङ (१६९१) मत प्राप्त गर्दै विजयी बने । प्रेमचन्द्र भण्डारीले (१३११) र बिनोद चापागाँईले (१२९०) मत प्राप्त गरे ।

अर्जुनधारा नगरपालिकाबाट महिला पदमा सरस्वती सिटौला (१९४६) मत प्राप्त गर्दै बिजयी भइन् भने सीतादेवी ओलीले (१०७८) मत प्राप्त गरिन् । अर्जुनधारा नगरपालिकाबाट प्रत्यक्ष खुल्ला पदमा एलबहादुर गिरी (२४८९) र बाबुराम बुढाथोकीले (१९३३) मत प्राप्त गर्दै विजयी भए भने किरण खनालले (१४००) मत प्राप्त गरे ।

मेचीनगरमा खुल्ला पदका रमेशकुमार दाहाल (२४२८) र गंगाप्रसाद संग्रौला (१८३८) मत प्राप्त गर्दै बिजयी भए भने निरज घिमिरेले (१५९४) मत प्राप्त गरे । भद्रपुर नगरपालिकाबाट प्रत्यक्ष महिला पदमा पुष्पाकुमारी भट्टराई ज्योति निर्वाचित बनिन् । शान्ता पाठकले (१२८९) मत प्राप्त

(बाँकी अन्तिम पृष्ठमा)

दल महाधिवेशनमा, विश्व नयाँ भेरियन्टको त्रासमा

झापा, मंसीर १२। दक्षिण अफ्रिकाबाट फैलिएको कोरोना भाइरसको नयाँ ओमिक्रोन भेरियन्टले विश्वलाई आतंकित बनाइरहँदा यहाँका राजनीतिक दलमा एकपछि अर्को मानवसागर भेला गर्ने प्रतिस्पर्धा चलिरहेको छ । मास्क र सामाजिक दूरीलाई जीवनकै अभिन्न अंग बनाउन चिकित्सकले सचेत गराइरहँदा देशका प्रमुख राजनीतिक दलहरुमा देखिएको गतिविधिले चिन्ता बढाएको छ ।

एमालेले चितवनको नारायणी किनारमा मानिसको मानवसागर ओरालिरहँदा विश्व नयाँ भेरियन्टको कोरोना त्रासबाट चिन्तित छ । महाधिवेशनका नाममा मान्छे भेला गर्ने प्रतिस्पर्धा अन्तिम नभएर प्रारम्भ हो । अबको तीन, चार दिनपछि राष्ट्रिय प्रजातन्त्र पार्टीले देशभरका कार्यकर्ता बटुलेर नेता छान्दैछ ।

यही महिनाको अन्तिममा काठमाडौंमै कांग्रेसका देशभरिकै हजारौं कार्यकर्ता भेला हुँदैछन् । यही मेसोमा पुस ११ देखि माओवादीले महाधिवेशनकै नाममा भीडभाड जम्मा गर्दैछ । त्यसपछि स्थानीय निकायको चुनावले देशैभरिको जनजीवन प्रभावित हुनेछ । यसले प्रजातान्त्रिक अभ्यास फस्टाउँछ भन्ने राजनीतिक विश्लेषण होला । तर, कोभिड संक्रमणको दृष्टिले मानवभीड सर्वाधिक ठूलो शत्रु हो ।

खोप लगाएकै भरमा लापर्वाही गर्ने छुट कसैलाई नभएको विज्ञहरु बताउँछन् । हाल सामान्य अवस्था जस्तो गतिविधि बढ्दै जानु घातक बन्न सक्ने संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनको ठहर छ । कोरोना संक्रमण फैलिने राम्रो वातावरण भनेको भीडभाड नै हो । पहिलो र दोस्रो लहरमा यही विषय प्राथमिकतामा नराखिँदा स्थिति नियन्त्रण बाहिर पुगेको थियो । भाइरसको फैलावटलाई हेरेर नेपालले यस्ता क्रियाकलापलाई रोक्नुपर्ने विज्ञहरुको सुझाव छ ।

उच्च सतर्कता अपनाउन सुझाव

काठमाडौं, मंसीर १२। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले 'नयाँ भेरियन्ट अफ कन्सर्न' ओमिक्रोन पत्ता लागेसँगै नेपाललगायत दक्षिण-पूर्वी एसियाका देशहरुलाई उच्च सतर्कता अपनाउन सुझाव दिएको छ ।

विश्व स्वास्थ्य संगठनको दक्षिण-पूर्वी एसिया हेर्ने क्षेत्रीय कार्यालयले एक प्रेस विज्ञप्ति जारी गर्दै सबै देशहरूले सर्भेलेन्स, जनस्वास्थ्यका मापदण्ड, सामाजिक दूरीका साथै खोप कार्यक्रमलाई बढावा दिनुपर्ने बताएको छ ।

'यस क्षेत्रका अधिकांस देशहरुमा कोभिड-१९ संक्रमितहरुको संख्या तुलनात्मक रुपमा कम हुँदै गए पनि विश्वका केही देशमा नयाँ भेरियन्ट फेला परेको छ । यसले अझै पनि संक्रमणको जोखिम पूर्णरुपमा हटिसकेको छैन र यसलाई नियन्त्रण गर्न हामीले हाम्रो सतप्रतिशत दिन जरुरी छ'- डब्लूएचओकी क्षेत्रीय निर्देशक डा. पुनम क्षेत्रपाल सिंहले भनिन् ।

विज्ञप्तीमा दक्षिण-पूर्वी एशियाका सबै देशहरुले सर्भेलेन्सका साथै सिक्वेन्सिङमा पनि जोड दिनुपर्ने बताइएको छ । यस्तै, सबैले अन्य देशबाट आफ्नो देशमा नयाँ भेरियन्टलाई भित्रिन नदिनका लागि अन्तर्राष्ट्रिय यात्रा गर्नेहरु माथि थप निगरानीका साथै नियन्त्रणका उचित उपायहरु उपनाउन समेत सुझाव दिएको छ । 'जति छिटो संक्रमण नियन्त्रणका उपायहरु अवलम्वन गरिन्छ त्यति नै क्षति कम गर्न मद्दत पुग्छ । कोभिड-१९ गराउने भाइरस जति धेरै फैलिन्छ त्यति नै त्यसमा उत्परिवर्तन देखिन्छ र नियन्त्रण गर्न कठिन हुन्छ'- क्षेत्रीय निर्देशक सिंहले विज्ञप्तीमा भनेकी छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

बस दुर्घटनामा एकको मृत्यु, २२ जना घाइते

झापा, मंसीर १२। झापाको कन्काई नगरपालिका-८ स्थित पूर्वपश्चिम महेन्द्र राजमार्गको बिरीङ पुलमा आइतवार बस दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने २२ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा कन्काई नगरपालिका-७ का १६ वर्षीय उत्सव पौडेल रहेको प्रहरीले जनाएको छ । आइतवार दिउँसो पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना ५ ख ८०४१ नम्बरको बस अनियन्त्रित भई पुलको रेलिङमा ठोक्किएर दुर्घटना हुँदा १ जनाको मृत्यु र २२ जना घाइते भएका हुन् । घाइते भएकाहरुमध्ये ११ जनाको वीएण्डसी अस्पताल र ११ जनाको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ ।

घाइते हुनेहरुमा इलाम माइ नगरपालिका-७का ३४ वर्षीय विमला लिम्बू, निजकी आमा ४९ वर्षीया रत्नमाया राई, सोही ठाउँकी ३७ वर्षीय कमला सेर्पा, उनकी छोरी सात वर्षकी इसु सेर्पा रहेका छन् ।

त्यस्तै कनकाई-८की २८ वर्षीय दीपा गिरी, सुनसरी बराहक्षेत्र ९की ३७ वर्षीया निसा चौहान, पथरीशनिश्चरे नगरपालिका-१की ६० वर्षीया मनमाया श्रेष्ठ, सोही ठाउँका ३५ वर्षीय डिकबहादुर श्रेष्ठ, ४० वर्षीया अम्बिका श्रेष्ठ, झापा बुद्धशान्ति-४का ६० वर्षीय नरबहादुर दर्जी र उनकी श्रीमती ५८ वर्षीया डम्बरकुमारी दर्जी रहेका छन् ।

अन्य घाइतेहरुमा अर्जुनधारा-११ की ३८ वर्षीया सुशीला चापागाँई, बिर्तामोड-५की ४१ वर्षीया पवित्रा खतिवडा नेपाल, भारत सिलगढीका ४७ वर्षीय बब्लु वर्मन, सोही ठाउँकी ३३ वर्षीया मालती वर्मन, झापा शिवसताक्षी-१०की २४ वर्षीया जानुका श्रेष्ठ, इलाम माई नगरपालिका-७की १७ वर्षीया तनुजा लिम्बू, भारत आसामकी २८ वर्षीया इन्दिरा गिरी, उनकी बहिनी २१ वर्षीया बिन्दु गिरी, झापा अर्जुनधारा-५का ४८ वर्षीय बालकृष्ण अधिकारी रहेका छन् । त्यस्तै बसका सहचालक सुनसरी रामधुनी-६का वर्ष २५का करण चौधरी र बसका सहचालक सुनसरी बराह क्षेत्र ३का २४ वर्षीय रमेश कार्की रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक बसन्त पाठकले जानकारी दिए ।

सुन र कछुवासहित पक्राउ

झापा, मंसीर १२। काठमाडौं महानगरपालिका-१३ सोल्टी दोबाटोबाट सुन कछुवासहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उनीहरूका साथबाट कछुवासहित रु. ३६ हजार ६ सय ५५ पनि बरामद गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ बालाजु बस्ने ४४ वर्षीय सञ्जय तामाङ, तनहुँ घर भई काठमाडौंको माछापोखरी बस्ने प्रकाश खाती, दोलखा घर भई

(बाँकी अन्तिम पृष्ठमा)

वीरगंज, नेपालमा विगत 50 वर्ष देखी निरन्तर सेवा पछी अब पानीटंकीमा

+ कृष्णा क्लिनिक +

बिना अप्रेशन पाईल्स, फिस्टुला, फिशर, हाईड्रोसीलको 100% ग्यारेंटी उपचार।

मात्र औषधीबाट स्वप्नदोषमा अक्षमता, किडनी र पित्तको पथरी हर्निया, छाला रोग, गठियाको साथै असाध्य रोग निको गरिन्छ।

मदिरा र गाँजा सेवन गर्नेलाई नबताई 100% सेवनको बानी छुटाईन्छ।

Dr. P. Sarkar महिला रोगीको लागि महिला डाक्टरको सुविधा उपलब्ध छ

(G.D.A) ठेगाना: पानीटंकी ट्रैफिक मोड (नेपाल बार्डर), गौरसिंगजोत

Nepal:- 9845858555 थाना-खोरीबाड़ी, जिला-दार्जिलिंग, जोया ट्रेवल्सको नजिकमा

India :- 9470094300 कृपया आउनु भन्दा अगाडी फोन गरेर आउनु होला ।धन्यवाद

Vacancy Announcement

क्र.सं.	पद	योग्यता	संख्या
१.	Accountant	BBA/BBS उत्तीर्ण गरेको	केही

पारिश्रमिक आपसी सहमतिबाट निर्धारण गरिनेछ ।

फारम भर्ने अन्तिम मिति : २०७८/०८/२० गतेसम्म

सम्पर्क: **कन्काई हस्पिटल प्रा. लि.**

बिर्तामोड, झापा (फोन : ०२३-५३३८१८, ९८५२६७१३८५)

IMMEDIATE VACANCY ANNOUNCEMENT

Balmiki Education Foundation Announces Vacancy For the following post.

S.N.	Post	Qualification/Experience
1	Lower Secondary In-charge	BA with 3 years of experince field
2	Primary Incharge	BA with Experience in field
3	Male/Female Hostel Incharge	Bachelors/ Degree
4	(+2) Secondary English Teacher	MA (English)
5	(+2) Social and life skill (Nepali Medium)	MA (Sociology)
6	Economics/ OBTE Teacher (X/VII)	MA (Eco/MBS)
7	Lower Secondary Computer Teacher	Bachelor's in Computer

Interested candidates can submit their documents, CV along with handwritten application by 15th of mangsir.

Principal

Balmiki Education Foundation, Birtamode-1, Jhapa

PH: 023-540195 / 023-542820/ 9804952506

जलेश्वर ट्रेडर्स ISO: 9001: 2015 CERTIFIED COMPANY

भद्रपुर रोड, बिजुली अफिस दक्षिण, बिर्तामोड, झापा

सम्पर्क नं. 9852671114 9807971114

अन्तर्राष्ट्रिय गुणस्तरको नेपालमै बनेको आकर्षक तथा मजबुत **Super Market Department Racks** चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

पाँच वर्षमुनिका बालबालिकालाई मास्क लगाइदिँदा ख्याल गर्नुपर्ने कुरा

झापा, मंसीर १२। बालुवाटार बस्ने विष्णुमाया महर्जन आफ्नो चार वर्षीया छोरीलाई मास्क लगाइदिएर मात्रै बाहिर कतै लिएर जान्छिन् ।

कोरोनाभाइरसको महामारी नेपालमा पनि देखिएपछि सङ्क्रमणबाट जोगिन मास्क लगाउन आवश्यक छ भन्ने सुनेपछि उनले गत वर्षदेखि नै आफू मात्रै नभइ छोरीलाई पनि मास्क लगाइदिन थालिन् । त्यति बेला तीन वर्षकी छोरीलाई अहिले मास्क लगाउनुपर्छ भन्ने बानी लागिसक्यो, बाहिरफेर हिँड्दा छोरी नै आमालाई पनि मास्क लगाउन सम्झाउँछिन् । विष्णुमायाले जस्तै थुप्रै अभिभावकले आफ्ना साना बालबालिकालाई मास्क लगाइदिने गरेको देखिन्छ ।

तर हालसालै संयुक्त राष्ट्रसंघको बालबालिका हेर्ने निकाय युनिसेफले पाँच वर्षमुनिका बालबालिकालाई मास्क लगाउन अनिवार्य नरहेको सूचना प्रवाह गरिरहेको छ । लगाउनै परे अभिभावकले आफ्नो प्रत्यक्ष निगरानीमा लगाइदिनुपर्ने युनिसेफले जनाएको छ । युनिसेफको वेबसाइटमा भनिएको छ- यदि तपाईंको ५ वर्ष भन्दा कम उमेरका बालबालिकालाई मास्क लगाउन आवश्यक छ भने- उनीहरू संधै तपाईंले सुपरिवेक्षण गर्न सक्ने गरी प्रत्यक्ष निगरानीमा भएको निश्चित गर्नुहोस् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि गत साउनमा पाँच वर्षमुनिका बालबालिकालाई मास्क लगाउन अनिवार्य नरहेको जनाएको थियो । मन्त्रालयले आफ्नो सूचनामा भनेको छ- सामान्यतया, पाँच वर्ष र त्योभन्दा कम उमेरका बालबालिकाको सुरक्षा र समग्र हितमा आधारित छ । तर, त्यति बेला अधिकांशजसो विद्यालयहरू भौतिक रूपमा खुलेका थिएनन् । अहिले सङ्क्रमण दर घटेसँगै विद्यालयहरू खुल्न थालेका छन् र धेरै अभिभावकहरू बालबालिकालाई विद्यालय पठाउँदा मास्क लगाउने वा नलगाउने भन्ने दुविधामा रहेको देखिन्छ । कतिपयले सङ्क्रमणको डरले विद्यालय नै नपठाएको पनि देखिन्छ ।

मास्क लगाउन आवश्यक छ कि छैन ?

मन्त्रालयका प्रवक्तासमेत रहेका बाल रोग विशेषज्ञ डाक्टर कृष्णप्रसाद पौडेल पाँच वर्षमाथिका बालबालिकालाई मास्क लगाउन अनिवार्य भए पनि पाँच वर्षमुनिका बालबालिकालाई अनिवार्य नरहेको बताउँछन् ।

पाँच वर्षमुनिका बालबालिकाले नाक मुख ढाक्ने गरी मास्क प्रयोग गर्न अप्ठ्यारो हुने कारणले विश्वव्यापी रूपमा मास्क लगाउन नसुझाइने गरेको उनले बताए । तर, कोरोनाभाइरसका नयाँ र बढी सङ्क्रामक भेरिअन्टहरू देखिएको खबर आइरहँदा घरबाट बाहिर निस्किँदा ३ वर्षमाथिका बालबालिकाले पनि मास्क लगाउनुपर्ने उनी बताउँछन् ।

नेपालको सन्दर्भमा बालबालिकाहरू तीन वर्षदेखि नपुग्दैदेखि मन्टेश्वरी जाने गरेकाले तीन वर्षमाथिका बालबालिकालाई नाक मुख छोपिने गरी मास्क लगाइदिन उनी सुझाउँछन् । उनले भने- पाँच वर्षभन्दा तल उमेरका बालबालिकालाई स्कूल पठाउने कुरा डब्लूएचओ, युनिसेफ कसैले पनि सुझाउँदैनन् । विद्यालय जाने उमेर भनेको पनि पाँच वर्षभन्दा माथि नै हो। हाम्रोमा छिटो पठाइन्छ त्यो फरक कुरा हो ।

नेपालको सन्दर्भमा पाँच वर्ष नपुगेका बालबालिका पनि विद्यालय जाने गरेकाले अभिभावक र शिक्षकले विशेष ख्याल पुऱ्याउनुपर्ने उनले बताए । ३ देखि ५ वर्षका बालबालिकाले नाक मुख छोपिने गरी मास्क लगाउन सक्दैनन् त्यो हिसाबले भीडभाडमा जाँदा अभिभावकले, विद्यालयमा शिक्षक र विद्यालयको बसमा कर्मचारीले मास्क लगाएको मिलेको छ, छैन हेर्दिनुपर्छ- उनले भने ।

अर्का बाल रोग विशेषज्ञ तथा नेपाल पेडियाट्रिक सोसाइटीका पूर्व अध्यक्ष कृष्णप्रसाद विष्ट भन्छन्- विभिन्न देशको विभिन्न प्रोटोकल छ । तर, भन्न खोजिएको के हो भने सानो बालबालिकाले मास्क लगाउँदा जुन उनीहरूले अक्सिजन लिएर कार्बनडाइअक्साइड फाल्छन् मास्क लगाएपछि त्यो फाल्न सक्दैनन् र टक्सिसिटी(विषाक्तता) हुन्छ भनेर हो ।

अन्य देशमा के छ नियम ?

अमेरिकाको रोग नियन्त्रणसम्बन्धी निकाय सेन्टर्स फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सनले भने दुई वा त्योभन्दा बढी उमेरका बालबालिकालाई मास्क लगाउन सुझाएको छ ।

अन्य केही मुलुकमा भने मास्क लगाउनुपर्ने आवश्यकतालाई खुकुलो पारिएको छ । जस्तै यूकेमा कक्षाकोठामा बस्दा बालबालिका वा शिक्षकले मास्क लगाउनुपर्छ । सिङ्गापुरमा पाँच वर्ष माथिकाले अनिवार्य लगाउनुपर्ने भए पनि त्योभन्दा कम उमेरका बालबालिकाले पनि लगाएको पाइन्छ । साना बालबालिकाले मास्क लगाउनुपर्ने विषयमा अहिलेसम्म विश्वव्यापी रूपमा स्वीकार्य सहमति भनेको दुई वर्षभन्दामुनिका बालबालिका वा शिशुलाई उकुसमुकुस हुन सक्छ भन्ने कारणले मास्क लगाउनुपर्दैन भनिएको हो । बीबीसी

कांग्रेस ...

गरिन् ।

बिर्तामोड नगरपालिकामा महिला पदमा पार्वता गिरी (१५९७) मत प्राप्त गर्दै विजयी भइन् भने तारा कार्कीले (१४५६) मत प्राप्त गरिन् । बिर्तामोड नगरपालिका खुल्ला पदमा ठाकुर उप्रेती सन्तोष (१६६५) र ध्रुवकुमार सुवेदीले (१६९३) मत प्राप्त गर्दै विजयी भए । जितलाल राजवंशी (१२९१), लक्ष्मीप्रसाद ढकाल माल्दाइले (१२४६) मत प्राप्त गरे । शिवसताक्षी नगरपालिकाबाट महिला पदमा धनमाया बस्नेत (१७५३) मत प्राप्त गर्दै बिजयी भइन् भने सीता बाँस्कोटाले (१२०४) मत प्राप्त गरिन् । शिवसताक्षी नगरपालिका खुल्ला पदमा अमृतबहादुर कार्की (१७६४) र रवीनचन्द्र राई वचन (१५०६) मत प्राप्त गर्दै विजयी भए भने खेमराज उप्रेती (११५१), दिनेशकुमार श्रेष्ठ (११७४), सुरज बिक्रम लम्सालले (३३०) मत प्राप्त गरे ।

कनकाई नगरपालिकामा खुल्ला पदमा लीलाप्रसाद चिमरिया (१९६३) र खगेन्द्रप्रसाद प्रसाईं (१९१५) मत प्राप्त गर्दै बिजयी भए भने रमेशचन्द्र दाहालले (१३८९) मत प्राप्त गरे । गौरादह नगरपालिकामा महिला पदमा सावित्रा कटुवाल (१७२८) मत प्राप्त गर्दै विजयी भइन् भने कमला नेम्वाङले (१२६८) मत प्राप्त गरिन् । गौरादह नगरपालिका खुल्ला पदमा ईश्वरकुमार खत्रीले (१८०५) मत र चिरञ्जीवी दाहालले (१७७८) मत प्राप्त गर्दै बिजयी भए । बाबुराम नेपालले (१२३१) र हरिप्रसाद पाठकले (११२४) मत प्राप्त गरे ।

बाह्रदशी गाउँपालिकामा महिला पदमा तारादेवी कार्की (२०३८) मत प्राप्त गर्दै विजयी भएकी छिन् भने बबितादेवी साहले (१००४)मत प्राप्त गरिन् । बाह्रदशी गाउँपालिकाको खुल्ला सदस्य पदमा लेखराज सुवेदी (१९५६) मत प्राप्त गर्दै विजयी भए भने सरुद्दिन मियाँले (१०७४) मत प्राप्त गरे ।

गौरीगञ्ज गाउँपालिकामा महिला पदमा हेमा आचार्य (१७५१) मत प्राप्त गर्दै विजयी भएकी छिन् भने सरिता शेपाँले (१३०५) मत प्राप्त गरिन् । त्यस्तै गौरीगञ्ज गाउँपालिकाको खुल्ला पदमा दीपक गड्तौला निर्वाचित भएका छन् । उनले (१७१७) मत प्राप्त गरे भने इन्द्रदेव राजवंशीले १३६० मत प्राप्त गरे ।

महासंघका पूर्वसभापति निष्ठुरीलाई पितृशोक



झापा, मंसीर १२। नेपाल पत्रकार महासंघका पूर्वसभापति विष्णु निष्ठुरीलाई पितृशोक परेको छ । उनका बुबा ९१ वर्षे दधिराम घिमिरेको आइतबार बिहान निधन भएको हो ।

उच्च रक्तचापबाट पीडित घिमिरेको झापाको बिर्तामोडमा निधन भएको हो । मृतक घिमिरेको कनकाई माईखोलामा अन्त्येष्टि गरिएको छ । इलाम निवासी घिमिरेको परिवार केही वर्षयता झापाको बिर्तामोड बस्दै आएको थियो ।

घिमिरेका तीन छोरा विष्णु, केशव र माधव तथा चार छोरीहरू इन्दिरा, कमला, सरला र राधा छन् । माधव कान्तिपुर दैनिकको विराटनगरस्थित कार्यालयमा क्षेत्रीय संयोजकका रूपमा कार्यरत् छन् ।

थप १५८ जनामा कोरोना

झापा, मंसीर १२। पछिल्लो २४ घण्टामा थप १५८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

सो अवधिमा ६ हजार ६०४ जनाको पीसीआर परीक्षण गर्दा १५४ तथा दुई हजार ३१४ जनाको एन्टिजेन परीक्षण गर्दा चार जनामा कोरोना सङ्क्रमण देखिएको हो ।

योसँगै नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या नौ लाख १६ हजार ३५० पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ३४२ जना निको भएर घर फर्किएसँगै हालसम्म आठ लाख दुई हजार ३८९ जना सङ्क्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय सङ्क्रमितको संख्या ६ हजार ९६६ छ । जसमध्ये ६ हजार ५८९ जना होम आइसोलेशनमा र ३७७ जना संस्थागत आइसोलेशनमा छन् ।

कोरोनाका बिरामीमध्ये १७१ जना आइसीयूमा र ३३ जना भेन्टिलेटरमा उपचाररत छन् । १० वर्षमुनिका तीन बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । ११देखि २० वर्ष उमेर समूहका १३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुई जनाको मृत्यु भएसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५२३ पुगेको छ ।

उच्च ...

उनले अहिले पनि भाइरस नियन्त्रणको सबैभन्दा सजिलो उपाय भनेको मास्कको उचित प्रयोग, सामाजिक दूरी, भीडभाडबाट टाढा रहने, स्यानिटाइजेसन र खोपको प्रयोग नै रहेको बताएकी छन् । 'आजको दिनसम्ममा यस क्षेत्रका ३१ प्रतिशतले पूर्ण, २१ प्रतिशतले एक डोज तथा ४८ प्रतिशतले खोप लगाउन बाँकी रहेका छन् । त्यसैले ठूलो संख्या अहिले पनि संक्रमणको जोखिममा नै छन्'- उनले भनेकी छन् ।

सुन ...

बूढानीलकण्ठ बस्ने राजकुमार तामाङ र तनहुँ घर भई हाल रानीबारी बस्ने हरि परियार रहेका परिसरले जनाएको छ ।

पहँलो कछुवा अवैधरूपमा बिक्री गरिरहेको भन्ने जानकारीका आधारमा शनिबारसाँझ खोजतलासमा गएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूका विषयमा प्रहरी वृत्त कालीमाटीमा प्रारम्भिक अनुसन्धानपछि थप कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसार पठाइएको परिसरका प्रवक्ता प्रहरी नायव उपरीक्षक निरञ्जन दत्त भट्टले जानकारी दिए ।

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बास्तोला
९८२५९२७४७७
९८०६०९०७८१
९८४९५०४७७१
९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

रामजानकी कृषि सहकारी संस्था लि.को नाम परिवर्तन सम्बन्धी सूचना

यस रामजानकी कृषि सहकारी संस्था लि. बिर्तामोड न.पा.-५ को नाम परिवर्तन गर्न सदस्यहरुबाट माग भई आएकोले मिति २०७८/०८/१० गते बसेको सञ्चालक समितिको निर्णय बमोजिम संस्थाको नाम परिवर्तन गरी रामजानकी बचत तथा ऋण सहकारी संस्था लि. बनाउन प्रदेश रजिष्ट्रार कार्यालय इटहरी, सुनसरीसँग माग गर्ने भएको हुँदा यहाँहरु सम्पूर्ण सदस्य र सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । केही सल्लाह, सुझाव भए ०२३-५९०२९४, ९८०१४१८२०१ मा सम्पर्क गर्न होला ।

दलबहादुर कार्की : अध्यक्ष
फोनः- ०२३-५९०२९४, मो. ९८०१४१८२११

श्री रामजानकी कृषि सहकारी संस्था लि.
बिर्तामोड-५ को
साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको मिति २०७८ मंसीर १० गते बसेको बैठकले १३औं बार्षिक साधारणसभा (प्रतिनिधिमूलक) मंसीर २७ गते संस्थाकै सभाहलमा बिहान १० बजेदेखि र मंसीर २९ गते प्रमाणित साधारणसभा आदर्श ब्याड्क्वेट बिर्तामोडमा बिहान १० बजेदेखि गर्ने निर्णय गरिएको हुँदा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सबैमा जानकारी गराइन्छ ।

दलबहादुर कार्की : अध्यक्ष
फोनः- ०२३-५९०२९४, मो. ९८०१४१८२११

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कर्मचारी चाहियो

बिर्तामोड अतिथि सदन रोडस्थित फ्रेस हाउसका लागि खसी/कुखुरा काट्न र बेच्न जान्ने कर्मचारी तु-चाहियो ।

सम्पर्क : ९८१७०७६०४६

जग्गा बिक्रीमा

झापाको कनकाई-१ पर्यटकीयस्थल सिमसार जाने बाटोमा ३५ फुट मुख भएको १० धुर जग्गा बिक्रीमा छ । इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०८४५६५५१

होटल बिक्रीमा

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८०६०३३१५३,
९८२६९०३२५५

श्री एकता बहुउद्देश्यीय सहकारी संस्था लि. को २०औं बार्षिक साधारणसभा तथा अधिवेशन २०७८।०८।२८ गतेका दिन सम्पन्न गर्नलाई

निर्वाचन समितिद्वारा प्रकाशित निर्वाचन कार्यक्रम

निर्वाचन समिति
दफा ८को उपदफा ४ र ५संग सम्बन्धित निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

क्र.सं.	कार्य विवरण	मिति	समय	कैफियत
१	प्रथम मतदाता नामावली प्रकाशन	२०७८।०८।१३	विहान १० बजे	
२	मतदाता नामावली उपर दावी विरोध	२०७८।०८।१३	विहान १२ बजे	
३	मतदाता उपर परेको दावी उपर छानविन	२०७८।०८।१३	दिउँसो ३ बजे	
४	अन्तिम नामावली प्रकाशन	२०७८।०८।१३	दिउँसो ४ बजे	
५	उम्मेदवारको मनोनयन पत्र वितरण	२०७८।०८।१४	१०:३० बजे	
६	उम्मेदवारको मनोनयन दर्ता	२०७८।०८।२०	१० बजेदेखि १ बजेसम्म	
७	उम्मेदवारको प्रथम सूची नामावली प्रकाशन	२०७८।०८।२०	१:३० बजेदेखि २:३० बजेसम्म	
८	उम्मेदवारको नामावली उपर दावी विरोध	२०७८।०८।२०	दिउँसो ३ देखि ४ बजे	
९	उम्मेदवारको दावी उपर छानविन र दोस्रो नामावली प्रकाशन	२०७८।०८।२१	विहान १० बजे	
१०	उम्मेदवार मनोनयन फिर्ता	२०७८।०८।२१	मध्यान्ह १२ देखि १ बजेसम्म	
११	उम्मेदवारको अन्तिम सूची प्रकाशन	२०७८।०८।२१	दिउँसो ३ बजे	
१२	उम्मेदवारको लागि चुनाव चिन्ह प्रदान	२०७८।०८।२२	विहान १०:३० बजे	
१३	प्रचारप्रसार	२०७८।०८।२६	विहान ६देखि ५ बजेसम्म	
१४	मतदान हुने मिति र समय	२०७८।०८।२८	विहान १० बजेदेखि ४ बजेसम्म	
१५	मतगणाना	२०७८।०८।२८	निर्वाचन सम्पन पछि	
१६	मत परिणाम घोषणा	२०७८।०८।२८	मतगणाना पश्चात	
१७	शपथ तथा प्रमाणपत्र वितरण	२०७८।०८।२८	मत घोषणा पश्चात	

ब्रस्टव्य:
मतदान स्थानः राधाकृष्ण मन्दिर, हल्दिवारी-२, झापा

सुधिरकुमार सुवेदी
संयोजक

अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, प्रदेश नं १, नेपाल

विभिन्न पदहरूको सेवा करारका लागि दरखास्त आव्हान गरिएको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७८/०८/१३

यस कार्यालयबाट अर्जुनधारा नगरपालिकामा गरीव घर परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिमका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम पदमा तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट सेवा करारमा लिनु पर्ने भएकाले दरखास्त आव्हान गरी यो सूचना प्रकाशन गरिएको छ ।

विज्ञापन नं	पद	माग पद संख्या	तह
०१/०७८/०७९	सुपरीवेक्षक	२	रा.प.अनं प्रथम सो सरह
०२/०७८/०७९	गणाक	११	रा.प.अनं द्वितीय सो सरह

१. न्यूनतम योग्यता:
क. सुपरीवेक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र मान्यताप्राप्त निकायबाट कम्तीमा ३ महिनाको कम्प्युटर सम्बन्धि तालिम लिएको ।
ख. गणाक: मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र मान्यताप्राप्त निकायबाट कम्तीमा ३ महिनाको कम्प्युटर सम्बन्धी तालिम लिएको ।
२. सेवा सुविधा: सम्बन्धित पदको शुरु तलब स्केल तथा अन्य सुविधा गरीब घरपरिवार पहिचान तथा परिचयत्रपत्र वितरण निर्देशिका, २०७५ बमोजिम ।
३.सेवा अवधि: सुपरीवेक्षक तथा गणाकको पदावधि नियुक्ति भएको मितिले बढीमा ५ महिनासम्म कायम रहनेछ र निजले उक्त अवधिमा गरीब परिवार पहिचान तथा परिचयपत्र निर्देशिका, २०७५मा उल्लेख भए बमोजिमको कार्य सम्पन्न गर्नुपर्नेछ । कुनै कारणले तथ्यांक संकलन गर्न ५ महिनाभन्दा बढी अवधि लागेमा ५ महिनाभन्दा बढीको पारिश्रमिक पाइने छैन ।
४. छनौटको किसिम: अर्जुनधारा नगरपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७५ बमोजिम सूचीकरण र अन्तरवार्ता ।
५. दरखास्त शुल्क: सुपरीवेक्षक पदका लागि रु ४००/- र गणाक पदका लागि रु ३००/- ।
६. उमेरको हद: दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
७. दरखास्त साथ पेश गर्नुपर्ने कागजात: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव सम्बन्धी कागजातको प्रतिलिपि र १ प्रति पासपोर्ट साइजको फोटो ।
८. दरखास्त पेश गर्ने अन्तिम मितिः २०७८/०८/१९ गते कार्यालय समयभित्र ।
९. दरखास्त फाराम कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेभसाइट www.arjundharamun.gov.npबाट प्राप्त गर्न सकिनेछ ।
१०. थप जानकारीका लागि कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०४५/ ९८१७५९०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

कोरोना त्रास बढ्दै

झण्डै दुई वर्षदेखि आतंक सृजना गरिरहेको कोरोना भाइरसको त्रास परिवर्तित स्वरुपमा फेरि बढेको छ । विश्व स्वास्थ्य संगठनले ओमिक्रोन नाम दिएको सो भाइरसको पहिचान दक्षिण अफ्रिका, हङकङ, इजरायल लगायतका देशमा भइसकेको छ । विगतको तुलनामा झनै संक्रामक र खतरनाक रहेको भनिएको कोरोनाको संक्रमण रोक्न अमेरिका, क्यानाडा, बेलायत आदि देशले विशेष योजनासहित आवागमनमा प्रतिबन्ध लगाइसकेका छन् । त्यसमा पनि अमेरिकाको न्युयोर्कमा संकटकाल नै घोषणा लगाइएको छ । उक्त भेरियन्टका लागि अहिले लगाइएको कोरोनाविद्धको खोप निष्प्रभावी हुने चिकित्सकहरुले बताएका छन् भने संक्रमण भइहाले ज्यानै जानेसम्मको चेतावनी पनि दिइएको छ । विश्वलाई नै त्रस्त बनाएको कोरोनाको नयाँ भेरियन्टको संक्रमण रोक्न धेरै देशहरुले रणनीतिक योजना तर्जुमा गर्न थालेका छन् । हालै नजिकको देश भारतमा पनि प्रधानमन्त्री मोदीले सरोकारवाला व्यक्ति र संस्थासँग अन्तरक्रिया गरी आवश्यक सजगता अपनाउन निर्देशन दिइसकेका छन् ।

पहिलोपटक संक्रमण शुरु भएको चीनले व्यापक अनुसन्धान गरी खोपको विकास गऱ्यो । त्यसबेला र दोस्रो भेरियन्ट शुरु भइसक्दाका बीच प्रशस्तै समय हुँदा पनि हामीकहाँ आवश्यक प्रतिरोधको तयारी हुन सकेन । जसका कारण एकैदिन नौ हजारभन्दा बढी कोरोना संक्रमित हुन पुगे । त्यही दरमा दिनहुँ झण्डै अढाई सय जनाले ज्यानै गुमाउनु पऱ्यो । त्यसबाट पाठ सिकेर नेपालमा पनि तत्कालै पूर्व तयारी नथाल्ने हो भने कोरोनाको नयाँ भेरियन्टको संक्रमणबाट कोही नजोगिन सक्छ । भाइरसको विस्तारलाई न कानूनले रोक्न सक्छ, न भूगोलले न त कुनै भौतिक अवरोधले तसर्थ भाइरसलाई रोक्न आवागमन हुने ठाउँ र व्यक्तिलाई निगरानीमा राख्नुको विकल्प छैन ।

संक्रमण देखिएका देशहरुसँग हाम्रो प्रत्यक्ष सम्पर्क छ । ती देशहरुसँग आवागमन भइरहन्छ र भइरहेको पनि छ । 'खोप लगाएकै छ' ठानेर अहिले हुन थालेको लापरवाही मृत्युको कारण नबनियोस्– प्रत्येक व्यक्तिले मनन् गर्न जरुरी छ । संक्रमण घटेको ठानेर हुन थालेको असावधानी, हेलचेक्र्याइँ र स्वास्थ्य मापदण्डको अवज्ञा गर्ने प्रवृत्तिले जोखिम भयावह नबनोस्, त्यसका लागि राज्य पनि गम्भीर हुनुपर्दछ । यतिबेला नेपालीहरुको भारत लगायतका देशमा जाने–आउने क्रम बढ्दै गएको छ । लकडाउन खुल्यो, खोप लगाइयो, कुनै प्रतिबन्ध छैन र व्याधी पनि छैन भने जस्तै गरेर राजनीतिक दलहरुले शुरु गरेको गतिविधिले कोरोनालाई आकर्षित गरिरहेको छ । एमालेको चितवन भेला, काग्रेसको अधिवेशन, सरकारको उदासीनता र आम मानिसको असावधानी कोरोना नयाँ भेरियन्टको संक्रमणको लागि सहायक नबनियोस् स्वास्थ्य मन्त्रालयको पूर्ण सतर्कता आवश्यक छ ।

महिला र पुरुषबीच सद्भाव, समभाव र सहकार्य

तीर्थराज खरेल

हामी एक्काइसौं शताब्दीको उत्तर आधुनिक युगमा बाँचिरहेका छौं । यति बेला पनि पितृसत्तात्मक प्रणालीले महिलालाई दोस्रो नागरिकको व्यवहार गरिरहेको छ। संसारका अविकसित, विकासशील, विकसित र अति विकसित भनेर चिनिएका सबै मुलुकमा धेरथोर जे भए पनि महिला हिंसाका घटना घटिरहेका छन्। महिलाविरुद्धका घरेलु लगायत सबै प्रकारका हिंसाविरुद्धमा जनचेतनाको अभिवृद्धि भएको छ, तर हिंसामा कमी आएको छैन। समाजमा व्याप्त पितृसत्तात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवम् परम्परा, विभेदपूर्ण कानून, लैंगिक असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिबी, नीति-निर्माणको तहमा महिला प्रतिनिधित्वको न्यूनता जस्ता विषय नै महिलामाथि हिंसा हुनुका प्रमुख कारणका रूपमा देखिएका छन्। पितृसत्तात्मक नेपाली समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहार अहिले पनि जारी छ। महिला र पुरुषबीच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिलामाथि हिंसा भइरहेको छ।

महिलामाथि हत्या, बलात्कार, यौन दुर्व्यवहार, अपहरण, बेचबिखन, कुटपिट, आगो लगाउने, विष खुवाउने, एसिड खन्याएर कुरूप बनाउने, दैनिक घर-व्यवहारमा भेदभाव गर्ने, संस्कार एवम् परम्पराका नाममा अधिकारबाट वञ्चित गर्ने/गराउने, आत्मसम्मानमा चोट पुग्ने बोली र व्यवहार गरिने आदि घटना भइरहेका छन्। त्यस्ता सबै कार्यलाई महिलाविरुद्धको हिंसा मानिएको छ। महिला हिंसामा सबभन्दा भयानक, राक्षसी र दुर्दान्त हिंसा भनेको बलात्कार हो। महिला हिंसाविरुद्ध अभियान जारी छ, तर बलात्कारका घटना चैतमासमा वनमा डढेलो लागे झैं ठूलो संख्यामा बढिरहेका छन्। पितृसत्ता र वर्गीय सत्ताको दुबैको जुवामुनि पिल्सिएका महिलामाथिका अपराध दिनहुँ बढ्दो क्रममा रहेका छन्। संयुक्त राष्ट्रसंघको सन् १९९९ को महासभाले नोभेम्बर २५ लाई महिला हिंसाविरुद्धको दिवसका रुपमा मनाउने निर्णय गरेको थियो। संयुक्त राष्ट्रसंघको महासभाले सन् २००५ देखि प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मलाई महिलाविरुद्ध हुने हिंसा निर्मूल सम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने गरेको छ। उक्त अवसरमा नेपालमा पनि १६ दिनसम्म लैंगिक हिंसा अन्त्यका लागि विभिन्न संघ-संस्थाहरुले चेतनामूलक कार्यक्रमहरु गर्ने गरेका छन्।

विश्वव्यापीरूपमा अहिले पनि महिला हिंसा जारी छ, त्यसैले महिला हिंसाविरुद्धको अभियान पनि जारी छ। पुरातनपन्थी सोच र अन्धविश्वासको प्राधान्य रहेको नेपाली समाज अहिले पनि सामन्ती पितृसत्ताको शोषणको जुवामुनि पिल्सिरहेको छ। चाहे प्रौढ हुन् वा बालिका वा नौजवान वा अधबैंसे, नेपाली महिला हिंसाको चपेटामा पर्ने क्रम रोकिएको छैन। महिला साक्षरता दर बढेको छ, तर दाइजो प्रथा, देउकी प्रथा, झुमा प्रथा, कुमारी प्रथा, कमलरी प्रथा लगायतका प्रथाहरु कुनै न कुनै रुपमा वृद्धि भइरहेका छन् भने एसिड आक्रमण, चेलीबेटी बेचबिखन, बलात्कार जस्ता अपराधका घटना दिनहुँ ठूलो संख्यामा घटित भइरहेका छन्। सरकारी तथा स्वदेशी र विदेशी गैरसरकारी संस्थाका महिला हिंसाविरुद्धका सचेतना अभियानहरु जारी छन्। महिला तथा घरेलु हिंसाविरुद्धका अभियानहरु निकै बलशाली छन्, तर पनि हिंसाको अन्त्य भएको छैन। लैङ्गिक हिंसा राज्यव्यवस्थामा आएको परिवर्तनले पनि रोकिएको छैन।

जनान्दोलन, जनसंघर्षका परिणाम स्वरूप मुलुकमा राजनीतिक रुपमा परिवर्तन आएको छ। राजनीतिक रुपमा मुलुक सामन्ती एकातन्त्रात्मक केन्द्रीकृत व्यवस्थाबाट मुक्त भएको भनिए पनि महिला विरोधी ऐन कानून पूर्ण रुपमा संशोधन भइसकेका छैनन्। एकातिर सामन्तवादी सोच र व्यवहारले महिलाहरु थलिएका छन् भने भूमण्डलीकरणका नाममा, आधुनिकताका नाममा, स्वतन्त्रताका नाममा दलाल नोकरशाही पुँजीवादका विषालु नङ्ग्राबाट महिलाहरु झन् बढी क्षतविक्षत हुन पुगेका छन्। महिलाहरु सामन्ती शोषणले आक्रान्त हुन पुगेका छन्। आम महिलाका लागि एकातिर गहिरो समुद्र छ भने अर्कातिर तीखा दाह्रा र नङ्ग्रा भएको राक्षस छ। महिला एकातर्फ सामन्तवादबाट र अर्कातर्फ पुँजीवादका शोषण र भेदभावबाट आफूलाई स्वतन्त्र गर्नुछ। बोक्सीको आरोपमा असहाय महिलाहरू मारिनेदेखि लिएर हदैसम्मको निकृष्ट व्यवहार सहन बाध्य छन्।

त्यस्तै प्रथा र परम्पराका नाममा व्यक्तिगत स्वतन्त्रता एवम् अधिकारबाट वञ्चित हुँदै अझै पनि महिलाहरू देउकी र झुमाको जिन्दगी जिइरहेका छन् भने नेपालको पश्चिमी भेगमा कायम छाउपडी प्रथाका कारण महिलाहरू अमानवीय व्यवहार सहन अभिषप्त छन्। यौन व्यवसाय, सर्कस लगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरूमा बर्सेनि लगभग पाँच हजार महिला तथा बालबालिका बेचिने तथ्यांक सार्वजनिक हुँदै आएको छ। त्यस्तै रोजगारीका लागि खाडी लगायत विभिन्न देश पुगेर घरेलु श्रमिकका रूपमा काम गर्ने महिलाहरूको शोषण एवम् अत्याचारका कहालीलाग्दो यथार्थ वेदना पनि बेला-बेलामा सार्वजनिक हुने गरेका छन्। भारतका मुम्बई, कोलकाता लगायतका महानगरका रेडलाइट एरियाका वेश्यालयमा बेचिएका नेपाली चेलीका क्रन्दनले दक्षिण एसिया नै उद्वेलित हुने गरेको छ र नेपालीका हृदय चिराचिरा हुने गरेको छ। महिलावादीहरु महिलाविरुद्धका हिंसाको सम्पूर्ण दोष पुरुष हो भनेर औंला उठाउँछन्, तर यो आंशिक सत्य हो।

पितृसत्तात्मक सोचका कारण महिला र पुरुष दुबै महिलाको उन्नति, प्रगति र विकासमा बाधाका रुपमा उभिएका छन्। माइतीबाट पर्याप्त मात्रामा दाइजो नल्याएको निहुँमा बुहारीलाई आगो लगाउनेहरु बढी महिला नै छन्। चेलीबेटी बेचबिखनमा खलनायिकाको भूमिका खेल्ने र महिलालाई पासोमा पारी वेश्यावृत्तिमा लाग्न गलत प्रेरणा दिने, बाध्य पार्ने र महिलालाई वस्तुका रुपमा चित्रित गर्ने पुरुषभन्दा बढी महिला नै छन्। छोरा जन्माउँदा खुशी हुने र छोरी जन्माउँदा रुने पुरुषभन्दा बढी महिला नै छन्। सामाजिक संरचना, आर्थिक अवस्था र पुँजीवादले सृजना गरेका सारा मानकहरुका कारण महिला विरोधी गतिविधिहरुले प्रश्रय पाएका छन्। महिला भएकै आधारबाट समान ज्याला, समान सुविधा लगायतका मानव अधिकारको उपभोगमा गरिने विभेद, शारीरिक तथा मानसिक रूपबाट दिइने पीडा, प्रतिबन्ध लगायत जुनसुकै तरिकाबाट महिलाको आत्मसम्मानमा पुऱ्याइने सबै किसिमको आघातलाई महिला हिंसाका रूपमा बुझ्नुपर्छ। समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न तत्वले भूमिका निर्वाह गरिरहेका हुन्छन्।

नेपालको सन्दर्भमा कूल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू अहिलेसम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्नखालका हिंसाको शिकार भइरहेका छन्। परम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमान त बनाएकै छ, देशमा विद्यमान कतिपय कानूनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान बनाउन सकेको देखिँदैन। देशमा धेरै ठूला राजनीतिक परिवर्तन भएका छन्। तर, ती परिवर्तनलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्ना तर्फबाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरूको जीवन र मर्यादामा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन।

विज्ञान प्रविधिको उच्चतम विकास भइरहेको सभ्य भनिएको आजको आधुनिक युगमा मानिस नृशंस राक्षस जस्तो बनिरहेको छ। यो राज्यव्यवस्था र मानवीय प्रवृत्ति दुबैको दोष हो। साक्षरता दर बढेर माथि पुगिसकेको छ। विश्वविद्यालयका डिग्रीधारीहरुको संख्या पनि वृद्धि भइरहेको छ। चेतनशील र शिक्षित मानिसको संख्याको आधारमा आनुपातिक रुपमा बलात्कार जस्तो अपराधमा कमी आउनुपर्ने हो, तर स्थिति निराशाजनक छ। विभिन्न अध्ययनहरु अनुसार संसारभरिका प्रत्येक तीन मध्ये एक महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोगेका हुन्छन् र धेरैजसो हिंसा भने उनीहरुका निकट, प्रेमी, विश्वासपात्र या जीवनसाथीबाट भोगेका हुन्छन् भन्ने जनाइएको छ। विपरीत लिङ्गीप्रति आकर्षित हुनु स्वभाविक हो, तर आकर्षणको अर्थ हिंसा होइन। यतिबेला शरीर होइन मन जित्नसक्ने पुस्ताको खाँचो छ, नयाँ पुस्तामा लैङ्गिक समानताका धारणाहरुको बीजारोपण गर्न जरुरी छ। आज असल मानव निर्माण गर्ने शिक्षाको जरुरत छ।

शरीर होइन मन जित्ने कला सिकाउन जरुरी छ अनि नारी र पुरुष सँगै हिँड्ने साँचो अर्थमा समानतासहितको समाज निर्माण गर्नु आजको आवश्यकता हो। सामन्ती र पुँजीवादी संरचना भत्काएर महिला र पुरुषकाबीच समभावसहितको सहकार्यको संस्कृति निर्माण गर्न जरुरी छ। महिला हिंसाविरुद्धको अभियानले महिलालाई हिंसाविरुद्ध प्रतिरोधात्मक भाव जगाउन र पुरुषलाई आमा, दिदी, बहिनी र हजुरआमालाई सम्मान गर्न सिकाउने शिक्षा पनि दिन जरुरी छ।

सन्दर्भ : लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान

लैङ्गिक हिंसाका घटनालाई न्यूनीकरण गर्न कानूनी, प्रशासनिक र सामाजिक संरचनामा परिवर्तन आवश्यक छ। पितृसत्ताले सृजेका शोषण र वर्गीय सत्ताले बनाएका अन्याय र अत्याचारका कहालीलाग्दा उत्पीडनका विरुद्ध सचेतनताका साथ आवाज उठाउनु, कानूनी, व्यावहारिक लगायतका लडाइँहरु लडेर मात्र यस्तो मुक्ति सम्भव छ। सामाजिक संरचनामा अत्यन्तै गहिरोसँग जरा गाडेर बसेको पितृसत्तात्मक राक्षसी उत्पीडन र तथाकथित आधुनिक पुँजीवादी प्रत्यक्ष-परोक्ष शोषणलाई अन्त्य गर्न जरुरी छ। लैङ्गिक हिंसाविरुद्ध सचेत अभियान चलाउन र वर्गीय, लैङ्गिक लगायतका सारा शोषण, भेदभाव र उत्पीडनबाट मुक्ति पाउन सरकारी र गैरसरकारी सबै पक्ष सचेत बन्दै जागरुकता र संघर्षको अभियान जारी राख्न आवश्यक छ।

tirthakharel2028@gmail.com

बिर्तामोडमा फिमेल स्पीच च्याम्पियनसीप हुँदै

बिर्तामोड, मंसीर १२। वीरता लेडी जेसीजको आयोजनामा सहारा फिमेल स्पीच च्याम्पियनसीप झापा हुने भएको छ।

महिला सशक्तिकरणका लागि यही मंसीर १८ गतेदेखि सो वक्तृत्वकला प्रतियोगिता गर्न लागिएको हो। झापा जिल्लाभरिका सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुबीच सो प्रतिष्पर्धा गराउन लागिएको संस्थाले जनाएको छ।

पत्रकार सम्मेलनमा बोल्दै वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यले जेसीजको आकर्षक पक्ष वक्तृत्वकला पनि भएकाले यसपटक सहारा नेपालसँगको सहकार्यमा सो प्रतियोगिता गर्न लागिएको बताइन्।

उनले मंसीर १८ गते हुने पहिलो अडिसनमा एउटा निर्वाचन क्षेत्रबाट तीन जनाका दरले १५ जनालाई छनौट गरी फाइनल अडिसन गराइने जानकारी दिइन्। फाइनल अडिसन मंसीर २३ गते हुने जनाइएको छ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः २१ हजार, ११ हजार र पाँच हजार एक सय नगद पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा ५० जनाभन्दा बढी प्रतिष्पर्धी सहभागी हुने अपेक्षा गरिएको आचार्यले बताइन्।

प्रतियोगितामा सहआयोजकको रुपमा जिल्लाका १५ वटै शाखा रहेका छन्। पत्रकार सम्मेलनमा वीरता लेडी जेसीजकी महासचिव हिमा पौडेल, निवर्तमान अध्यक्ष सुष्मा भण्डारीले प्रतियोगिताका बारेमा जानकारी दिएका थिए। वीरता लेडी जेसीजले राष्ट्रियस्तरको वक्तृत्वकला प्रतियोगिताको उपाधि जितिसकेको छ।

गत वर्ष नेपाल जेसीजले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा नेपाल प्रथम शैलिसा उप्रेती भएकी थिइन् भने सन् २०२१ मा इनरुवामा सम्पन्न क्षेत्र 'क' सम्मेलनमा वीरता लेडी जेसीजकी कृतिका आचार्य दोस्रो भएकी थिइन्।

भर्खरै जेसीज सप्ताह सम्पन्न गरेको बताउँदै अध्यक्ष आचार्यले आफ्नो एक वर्षको कार्यकालमा ३० वटाभन्दा बढी कार्यक्रम गरिसकेको जानकारी दिइन्।

होक्सेमा स्वास्थ्य शिविर

बुद्धशान्ति, मंसीर १२। बुद्धशान्ति-१ होक्सेमा एकदिने निःशुल्क आँखा र मानसिक तथा नसा स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा दुई सय ५० जनाले आँखा र ५० जनाले मानसिक तथा नसा स्वास्थ्य जाँच तथा उपचार सेवा लिएका छन्। शिविरमा दुईजनाले आँखा दान गर्ने सूचीमा नाम दर्ता गराएका छन्।

मेची नेत्रालय आँखा अस्पताल काँकरभिट्टाका डा. चन्द्र नारायण राजवंशीको नेतृत्वको चिकित्सक टोलीले आँखा सम्बन्धी र डा. अश्विन दवाडी र पूर्व स्वास्थ्य सेवा अधिकृत हेमन्त राज दवाडीले मानसिक तथा नसा स्वास्थ्य सम्बन्धी स्वास्थ्य जाँच तथा उपचार सेवा प्रदान गरेका छन्।

डा. राजवंशीले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको शिविर सत्य साई केन्द्र बुधबारेको आयोजना, मेची नेत्रालय आँखा अस्पताल काँकरभिट्टाको प्राविधिक सहयोग र आनन्देश्वर शिवालय मन्दिर होक्सेको प्रायोजनमा मन्दिर परिसरमा स्वास्थ्य शिविर सम्पन्न भएको हो। उद्घाटनको अवसरमा आँखा अस्पताल काँकरभिट्टाका सुपरभाइजर जय प्रकाश पोखरेलले आँखा सम्बन्धी र आयोजकका तर्फबाट सत्य साई केन्द्र केन्द्रीय परिषद् सदस्य भीम निरौलाले आँखा दान सम्बन्धी मन्तव्य राखेका थिए।

अग्रज व्यक्तित्व दिनानाथ ढकालको आतिथ्य रहेको कार्यक्रममा आनन्देश्वर शिवालय मन्दिर होक्सेका सल्लाहकार संजोजक तथा सामाजिक व्यक्तित्व खड्ग बरालले शुभकामना मन्तव्य राखेका थिए।

सत्य साई केन्द्र केन्द्रीय परिषद् सदस्य निरौलाबाट मन्दिर संस्थाहरुले आफ्ना सेवा क्षेत्रमा धर्म संस्कृति मात्र नभएर स्वास्थ्य सम्बन्धी सेवा पनि प्रवाह गरी मानवीय सेवा गर्न सक्ने विचार व्यक्त गरे। शिविरमा नेपाल रेडक्रस सोसाइटी शाखा बुधबारेका सभापति सीता निरौला र ज्येष्ठ नागरिक गाउँ समिति बुद्धशान्तिका उपाध्यक्ष रुक्मिणी पाठकले स्वयम्सेवी भूमिका निभाएका छन्। शिविर समापनका अवसरमा मेची नेत्रालय आँखा अस्पताल काँकरभिट्टालाई सम्मान पत्र र चिकित्सक टोलीका सबैलाई मायाको चिनो प्रदान गरियो।

शिविर प्रायोजक आनन्देश्वर शिवालय मन्दिर होक्सेका अध्यक्ष पहलमान बरालले स्वास्थ्य शिविर आयोजनाले स्थानीयलाई आफ्नै गाउँ-ठाउँमा निःशुल्क, सहज स्वास्थ्य जाँच, उपचार र भरपर्दो परामर्श सेवा उपलब्ध हुने विचार राख्दै शिविरमा स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सहरु, स्वयम्सेवकहरु र शिविरमा उपस्थित भई स्वास्थ्य जाँच तथा उपचार सेवा लिने सबैलाई धन्यवाद ज्ञापन गरे।

ज्येष्ठ नागरिक सम्मानित

बिर्तामोड, मंसीर १२। सैनिक सेवा समाज बिर्तामोड-१० को छैटौं वार्षिक साधरणसभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष मनु मुखियाको अध्यक्षता तथा बिर्तामोड-१० का वडाध्यक्ष दुर्योधन गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष देवीप्रसाद दंगालले स्वागत गरेका थिए।

कार्यक्रममा अध्यक्ष मुखियाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले स्थापनाकालदेखि नै सामाजिक कार्य गर्दै सदस्यको सुख-दुःखमा साथ दिँदै आएको बताइन्। उनले संस्था २०४९ सालमा स्थापना भएको भए पनि २०७२ सालदेखि वैधानिकता पाएको बताइन्। ३४ जनाबाट शुरु गरिएको समाजका हाल १२० घरपरिवार सदस्य रहेको बताइएको छ। त्यस्तै कार्यक्रममा कोषाध्यक्ष लक्ष्मी देवानले आ.व. २०७७/०७८ को आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन्।

कार्यक्रममा समाजका ८० वर्ष माथिका ज्येष्ठ सदस्य तथा आर्थिक सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो। सम्मानित हुनेहरुमा जेष्ठ सदस्य प्रेमप्रसाद तिवारी, रामबहादुर राई, बिर्खबहादुर राई, महेश्वर पौडेल, विष्णुबहादुर राई रहेका छन्। त्यसैगरी वडा कार्य समितिका प्रतिनिधि र आकस्मिक कोषका लागि १०-१० हजार सहयोग गर्ने कमला गौतम र महेन्द्रकुमारी पराजुलीलाई सम्मान गरिएको थियो।

सोही अवसरमा विपन्न तथा असहाय ज्येष्ठ दम्पत्ति रामबहादुर तामाङ र सुधा तामाङलाई खाद्यान्न सामग्री प्रदान गरिएको छ। उनीहरुलाई संस्थाले विगतदेखि निरन्तर सहयोग गर्दै आएको छ। कार्यपालिका सदस्य गीता पोखरेल, सम्मानित महेन्द्रकुमारी पराजुली, चामबहादुर सुब्बा लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सचिव रुपनाराण मुखियाले गरेका थिए।

विद्युत कार्यक्रम हस्तान्तरण

गोलधाप, मंसीर १२। बिर्तामोड-४ को धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्थाले ग्रामिण सामुदायिक विद्युत कार्यक्रम नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्ने भएको छ ।

विद्युत प्राधिकरणले ल्याएको नयाँ छुट सम्बन्धी अवलम्वन तथा व्यवस्थापन संस्थाको पहुँचभन्दा बाहिर भएकाले उपभोक्ताको मागलाई ध्यानमा राख्दै संस्थाले व्यस्थापन गर्दै आएको उक्त कार्यक्रम प्राधिकरणलाई हस्तान्तरण गर्ने भएको हो ।

संस्थाले गोलधापमा सेवा केन्द्र इकाई तथा विद्युत उपभोक्ताको भेला गराएर प्राधिकरणलाई हस्तान्तरण गर्ने निर्णय पारित गरेको छ । संस्थाका अध्यक्ष कृष्ण पौडेलले विद्युत प्राधिकरणले ग्रामिण सामुदायिक विद्युत उपभोक्तालाई प्राधिकरणले ल्याएको नयाँ नीतिका बिषयमा छुटको व्यवस्थापन गर्न असहज हुने बताए ।

साथै केही बर्ष अघिदेखि उपभोक्ताको माग विद्युत प्राधिकरणलाई बुझाउने भएकाले पनि उपभोक्ताको मागलाई ध्यानमा राखेर विद्युत प्राधिकरणलाई बुझाउन लागिएको अध्यक्ष पौडेलले बताए ।

ग्रामिण सामुदायिक विद्युत कार्यक्रम अन्तर्गत हल्दिबारी र बाह्दशीका केही स्थानका एक हजार एक सय उपभोक्ताले विद्युत प्रयोग गर्दै आएको संस्थाकी गोलधाप सेवा केन्द्रकी प्रमुख धनकुमारी बस्नेतले जानकारी दिइन् ।

सो क्षेत्रमा सञ्चालित उक्त कार्यक्रम तीन वटा ट्रान्सफमर नेपाल सरकारको ८० र उपभोक्ताको २० प्रतिशत त्यस्तै तीन वटा ट्रान्सफमर नेपाल सरकारको ९० र उपभोक्ताको १० प्रतिशतमा जडान गरिएको बताइएको छ ।

सोही कार्यक्रमकामा संस्थाले १४औं वार्षिक साधारणसभाको प्रतिनिधि छनौट समेत गरेको छ । कार्यक्रममा संस्थाको वार्षिक प्रतिवेदन सञ्चालक समिति सदस्य सुशिल दाहालले प्रस्तुत गरेका थिए ।

संस्थाकी सञ्चालक समिति सदस्य कमलादेवी सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक समिति सदस्य डा. गौरीशंकर झा, सुमन खनाल, दिपेन्द्र पौडेल लगायतको उपस्थिति रहेको थियो । स्वागत सेवाकेन्द्र प्रमुख धनकुमारी बस्नेतले गरेको कार्यक्रमको सञ्चालन व्यवस्थापक राजेश दाहालले गरेका थिए ।

प्रदेशस्तरीय भेला दमकमा

दमक, मंसीर १२। नेकपा (एकीकृत समाजवादी) सम्बद्ध नेपाल खेलकुद महासंघ प्रदेश १ कमिटीको प्रदेश स्तरीय पहिलो भेला झापाको दमकमा हुने भएको छ ।

मंसीर २० गते हुने प्रदेश स्तरीय भेलालाई पार्टीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल, प्रदेश १ का मुख्यमन्त्री राजेन्द्र राई लगायतका केन्द्रीय नेताहरुले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

खेलकुद महासंघका केन्द्रीय नेता तथा प्रदेश १ का अध्यक्ष तथा झापा जिल्ला खेलकुद संघका पूर्व अध्यक्ष शंखर थापाका अनुसार प्रदेश १ का १४ जिल्लाका खेलाडीहरुको बृहत भेलाले प्रदेश स्तरीय कमिटी गठन गरिने छ । ५१ सदस्यीय कमिटीमा एक अध्यक्ष, तीन उपाध्यक्ष, एक सचिव, दुई सहसचिव र कोषाध्यक्षसहित सदस्यहरु रहने छन् ।

थापाले भेलामा नवगठित कमिटी र सहभागि खेलाडीहरुलाई पार्टीका केन्द्रीय अध्यक्ष, तथा पूर्व प्रधानमन्त्री नेपालसहित प्रदेश १ का मुख्यमन्त्री राई, राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सचिव केशवकुमार बिष्ट लगायतका नेताहरुले सम्बोधन गर्ने बताइएको छ ।

आवश्यकता

यस ग्रीन मार्ट प्रा.लि. कम्पनीमा केही दक्ष, अनुभवी कर्मचारीको माग भएको हुँदा इच्छुक व्यक्तिले कार्यालयमा सम्पर्क गर्नुहोला ।

पदः P.R.O. (M.R. अनुभवीलाई प्राथमिकता)
योग्यता : +२, एसईई वा सो सरह
तलबः १५०००/- **दस्तुरः** ३००/-
कागजातः नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपी, ३ प्रति पीपी साइजको फोटा
सम्पर्कः ९८६६७२५७९ (बिर्तामोड)
९८१९०८३०७७, ९८१७०५०१५८ (दमक)

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेप्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२,
९८५२६४१७४०,९८२४९८२२९६

कर्मचारी आवश्यकता

एक प्रतिष्ठित होटलका लागि केही कर्मचारी आवश्यक परेको हुँदा दक्ष, इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
कुक : १ जना
हेल्पर कुक : १ जना
सम्पर्क : ९८५२६७२५९६

कर्मचारी चाहियो

बिर्तामोड-४, स्थित बस्नेत फ्रेस हाउसका लागि खसी काट्न र बेचन जान्ने मान्छे तु-चाहियो ।
तलब सुविधा : १४०००+खान/बस्न
सम्पर्क : ९८०३४०१९७०

श्री कृष्ण सुपारी सहकारी संस्था लि.

बुद्धशान्ति-१, बुधबारे, झापा

Ministry Of Agriculture and Livestock Development (MoALD)
Prime Minister Agriculture-Modernitation Project (PM-AMP)
Project Implementation Unit (PIU), Bhadrapur, Jhapa

SPECIFICATIONS FOR SUPARI PROCESSING FACTORY ESTABLISHMENT

s.no.	Description	Product Specifications		QTY	Remarks
1.	Pouch Packing Machine	Power Consumption	1.5 KW	1	
		Production Capacity	20-25 (pouch per minute)		
		Pouch Weight	10-50 Grams Packing		
		Motor Capacity	Half HP Main Motor, Single Phase		
		Gearbox	Yes		
2.	Heavy Automatic Diamond (Tukda) Supari Cutting Machine	Production Capacity	80-100 kg/Hr	1	
		Weight	175 Kg		
		Dimension	L-22.5", B-39', W-17'		
		Motor Capacity	2 Hp Motor Single Phase		
3.	Supari Peeling Machine	Pealing Capacity Motor Capacity	175 to 200 Kg/Hr 2 Hp single Phase 220 V	1	

Prepared By : mani kumar Sharma, SUB-Engineer
Checked By:
Approved By : वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.श्रे.) 2078/07/09

हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।

सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेप्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेप्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।

सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन १:00 बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क :
कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

होटल तालिममा भर्ना खुल्यो

१००% रोजगारसहित CTETE **बाट मान्यता प्राप्त होटल तालिममा भर्ना खुल्यो**

काठमाडौंबाट सञ्चालित एसीयन होटल ट्रेनिङ्गको ५०% सहयोगमा अब हाम्रो बिर्तामोडमा होटल तालिममा भर्ना खुल्यो ।

तालिमहरु :
- कुक, इण्डीयन, चाइनीज, कन्टीनेन्टल, इटालियन
- वेटर, हाउसकिपिङ्ग आदि

हाम्रा विशेषताहरु
- काठमाडौंको 5star होटलका सेफद्वारा तालिम दिइने
- तालिममा चाहिने सम्पूर्ण सामान काठमाडौंबाटै ल्याइने
- तालिम पछि आफै कम्पनीबाट विदेश पठाइने
- तालिममा दक्ष नभए पुनः रि-तालिम गरी दक्ष बनाइने
- तालिमपछि काठमाडौं लगायत विभिन्न ठाउँमा जब लगाइने छ ।

सिट सिमित भएकोले आजै सम्पर्क गरौं ।

एसीयन हस्पिटालिटी प्रा. लि., बिर्तामोड, झापा
पश्चिम बस स्टेण्डबाट २०० मिटर दक्षिण (मो. ९८१२३५१२२६, ९८१२३५१२७२)

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

UAE मा Civil/ex-army/ex-police महिला तथा पुरुष सेक्युरिटी गार्डहरूलाई रोजगारको अवसर

कम्पनी : ORION SECURITY COMPANY शहर : UAE
पूर्व स्वीकृति मितिः २०७८/०६/१५ LT No. 249656 चलानी नं. ६०१६८३०५

सि.नं.	कामदारको पद	माग संख्या		मासिक तलब	काम	खाना/बस्न	करार
१.	**PSBD Security Guard**	५० पुरुष	२० महिला	2770/- AED	१२ घण्टा २६ दिन	छैन/छ	२ वर्ष
	Security Guard-SIRA	५० पुरुष	२० महिला	2000/- AED			

S.L.C. पास भएको हुनुपर्नेछ । अंग्रेजी राम्रोसँग बोल्न, लेख्न, पढ्न सक्नुपर्नेछ । PSBD को लागि उचाइ ५.६ फुट हुनुपर्नेछ । DPS को लागि ५.५ फिट हुनुपर्नेछ । महिलाको हकमा उचाई ५ फिटदेखि माथि हुनुपर्नेछ । Civil-Ex army, Police मा काम गरेकालाई विशेष प्राथमिकता ।

फाइनल अन्तरवार्ता यही मंसीर १५ गते बुधबार सेन्टपोइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

VRINADIT SERVICES Pvt. Ltd.
Sanepa, Kathmandu (Mo. 9842665853, 9807934609, 9807915228

UAE मा रोजगारको अवसर

कम्पनी : HARBOUR INN CLUB (Internet Caterinong) UAE
पूर्व स्वीकृति मितिः २०७८/०७/२९ LT No. 250774 चलानी नं. ६०१६७६६५

सि.नं	कामदारको पद	माग संख्या	मासिक तलब	काम	खाना/बस्न	करार
१.	**F&B Supervisor**	२०	1500+Food	१० घण्टा २६ दिन	छ/छ	२ वर्ष
२.	**Ganeral cook**	३०	1300+Food			
३.	**Assistant cook**	३०	1000+Food			
४.	**Chapati Maker**	१०	1000+Food			
५.	**Bakery**	२०	1000+Food			
६.	**Waiter**	८०	1200+Food			
७.	**Waiteress**	१५	1200+Food			
८.	**Cleaner**	८०	1000+Food			
९.	**Office Boy**	१५	1200+Food			
१०.	**Watchman**	१५	1200+Food			

यसको फाइनल अन्तरवार्ता यही मंसीर १५ गते बुधबार सेन्टपोइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ ।

SAGAR RECRUITMENT Pvt. Ltd.
Dhumbarahi-4, Kathmandu
मो. ९८४२७१६८४५, ९८१५९३३३०३, ९८२३३४७५६९, ९८२४०३६२७५
नोटः यस मेनपावरलाई कम्प्युटरमा दक्ष १ जना डकुमेन्टेशन आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - भाग्यले विभिन्न अवसर थमाउनेछ । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त होला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ ।

कर्कट (हि, हु, है, हो, डा, डि, डु, डे, डो) - व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम रोक्नुपर्ने स्थिति आउन सक्छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कममात्र भेटिने छन् ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - दोहोऱ्याएर प्रयत्न गर्दा आंशिक लाभ हुनेछ । दिगो काम गर्न केही सम[illegible]र्ला ।

तुला (र, रि, रू, रे[illegible] - कामको चापले जी[illegible]ति, तु, ते) - व्यस्त रहनेछ । भौतिक सुविधाले खर्च नि[illegible]सक्छ ।

बृश्चिक (तो, ना, [illegible], नो, या, यि, यु) - प्राथमिकताका आधा[illegible] गर्न नसक्दा पछि परिनेछ । हातबाट लक्ष्मी बाहि[illegible]ावना देखिएकाले कर्जा र उधारो व्यापारमा च[illegible]नुपर्नेछ ।

धनु (ये, यो, भ, वि[illegible]फा, ढ, भे) - नियमित काममा भ[illegible]क जस्तै फाइदा भइरहनेछ । प्रेम र मित्रताको ब[illegible]लो हुनेछ । यात्राको अवसर आउला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - परिस्थितिसँग सम्झौता गर्नुपरे पनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ ।